September 2014

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 2, Vol. 15 www.eurasiareiyukai.com

पुर्खाहरुलाई घरको केन्द्रविन्दु मानेर जीवन यापन गर्ने हो ।

श्री युशुन मासुनागा
संस्थापक अध्यक्ष यूराशिया रेयूकाई

## "महान् रेयूकाई शिक्षाको अभ्यास गरी परिणामको प्रतिफल देखापारौं"

महागुरु किमी कोतानीज्यूको सत्यवाणी अनुसार "शिक्षा अध्ययन भए पनि रेयूकाई शिक्षा अभ्यास हो" । यो कुरालाई भित्री आत्मादेखि महशुसगरी सबैसँग भएको हिरा जस्तो महत्वपूर्ण खजानालाई टल्काउन आफ्नो व्यवहारमा रेयूकाई शिक्षालाई उतारेर राम्रो परिणाम लाई स्वागत गर्ने मौका पाउनु पदर्छ । त्यो हिरा जस्तो महत्वपूर्ण खजाना कृतज्ञता हो । यो नै रेयूकाई शिक्षाको वेश हो । यसलाई कार्यन्वयन गरी, माफीको भावना जागृत गरी स्टेपअप हुने मौका पाउनु पर्दछ ।

गुरु आन न्यू ग्यो तोकु जेन् शीज्यूको मार्गनिर्देशन अनुसार "रेयूकाई शिक्षालाई विश्वका समस्त मानव प्राणीमा फैलाई समस्त जीवात्माको लागी कार्यगर्न सक्ने भएकोले भगवान् बुद्धको संरक्षण प्राप्त गर्न सकिन्छ ।" यस कुरालाई महशुस गरी रेयूकाई शिक्षा भएकोले सिमा विहीन यूराशिया रेयूकाई संस्था छ । यो संस्था भएकोले हामीहरु पूर्वजुनीको कर्मको सम्बन्ध अनुरुप यो जुनीमा कल्पौ कल्पको अवधिमा विरलैमात्र भेट गर्न सकिने यस रेयूकाई शिक्षामा अभ्यास गर्ने महान् मौका पाईरहेका छौं । यस कुरा प्रति कृतज्ञ भएर पापलाई परिशोधन गरि कर्मको सम्बन्धलाई बचाउने शिक्षामा अभ्यास गरेर बुस्सोगोनेनको पुर्खास्मरणलाई कार्यान्वयन गर्ने मौका पाईरहेका छौं ।

यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूबाट समय बेला अनुरुप ग्रहण गर्ने मौका पाएको मार्गनिर्देशनलाई उपायकौशल्य र दुरदर्शितालाई अपनाई कार्यान्वयन गर्ने मौका पाई रहेकाछौं । जुनसुकै कार्य पनि कामनाबाट शुरुवात गर्ने मौका पाई रहेका छौं । बर्तमान संसारलाई बचाईराख्न शिक्षालाई कार्यन्वयन गर्न पुर्खास्मरण कार्यमा लागी परेर असंख्य पुर्खाहरुको आत्मा बचाउने मौका पाई वास्तविक परिणामलाई देखापार्नु पर्दछ । "गम्भिर हेतुफलको सिद्धान्तमा विश्वास गरी, एकबादमा पूरा विश्वास गरी बुद्धको अमरताको ज्ञान राख्नु" नै रेयूकाई शिक्षा हो । यो कुरालाई हृदयङ्गम गरी यूराशिया महाद्विप भरी सद्धर्मपुण्डरीक सुत्रको फूल फूलाउन महायानाको भावना लिएर लोकहितकारी बोधिसत्वको जिम्मेवारी कर्तब्य पूरा गर्न मिचिविकी गर्ने मौका नपाईकन् हुँदैन । शत प्रतिशत आध्यात्मिक संसार प्रति विश्वास गरी आँखाले नदेख्ने र आँखाले देख्ने संसारको अस्तित्वलाई बचाई राख्न हामी सबै एक एक जना एकताबद्ध भई कार्यान्वयन गर्ने मौका पाउनु पर्दछ ।

यूराशिया रेयूकाई कुनै पनि, जाती, धर्म, लिङ्ग र सम्प्रदायमा भेदभाव नराखी सबैमा समानताको भावना राख्दछ । हाम्रो जीवनको स्रोत पुर्खाहरुको आत्मालाई बचाई राख्न पुर्खास्मरण, कार्मिक सम्बन्धको शुद्धिकरण र पापलाई परिशोधन गरी प्रायश्चित गर्ने अभ्यासलाई कार्यान्वयन गर्ने महान् मौका पाईरहेका छौं । संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन अनुसार महिला जमिन र पुरुष खम्बा हो । तसर्थ जमिन बलियो भयो भने खम्बा बलियो रुपमा अडिन सक्छ । यस्तो भए मात्र वर्तमान देशको स्थिति राम्रो हुन सक्छ । समाजमा रहेका सबैजना एकाताबद्ध भई युवाहरुलाई आशा र उत्साह लिन लगाएर आफ्नो देशको भाग्य परिवर्तन गर्दै देश भक्तिको भावना जागृत गराउन उत्साहीत गराउनु पर्दछ । रेयूकाई शिक्षा र समाज विकास एउटा रथको दुई पाङ्ग्रा जस्तो हो । तसर्थ रेयूकाई शिक्षालाई कार्यान्वयन गरी सबैसंग हातेमालो गर्दै समाज विकास कार्यमा अगाडी बढ्नु हामी सबैको जिम्मेवारी कर्तब्य हो ।



शिक्षा सिक्कोबु श्री जीवन कुमार जोशी

मिलियन अभियानलाई कार्यन्वयन गर्न यूराशिया रेयूकाईका सम्पूर्ण एक एक जना सदस्यहरु सँगसगै हिड्नु पर्दछ । अनि आफ्नै हातले सोकाइम्यो लेख्ने मौका पाई सदस्यहरुको घर घरमा पुर्खाप्रतिकलाई स्वागत गर्न लगाउनु पर्दछ । त्यसपछि सात दिन सम्म सदस्य संगसगै निलसुत्रलाई पाठ गर्ने मौका पाई आध्यात्मिक म्यानर सिकाउनु पर्दछ । भुतकालका पुर्खाहरुलाई वर्तमानमा ल्याउन सम्पूर्ण सदस्यहरुलाई कम्तीमा ३०० जना पुर्खाहरुको नाम(ावली संकलन गर्न लगाई होम्यो लेखी पुर्खाबहीमा बिराजमान् गराई रेयूकाई शिक्षामा आधारित जीवनयापन गर्ने मौका पाई दुई हात जोडेको स्वरुपको स्वर्ग जस्तो आनन्दित घर बनाऔं । सम्पूर्ण सदस्यहरुलाई मिचिविकीको पुण्यफल संचित गर्न लगाउने कार्य नै मिलियन अभियान हो । यसको प्रारम्भिक चरण ३ बर्ष १००० दिनको अभ्यास हो । यस अभ्यासमा यस वर्ष सद्धर्म्मपुण्डरीक सुत्रको १४औं अध्यायलाई कार्यान्वयन गर्ने मौका पाई, आजको आफु बनेर आगामी १८ नोभेम्बर २०१४ मा महागुरु काकुतारो कुबोज्यूको ७१औं पुण्यतिथि स्मरण समारोह एवं यूराशिया रेयूकाई भब्य भेलामा खुशीको परिणाम लिएर उत्साहका साथ सहभागी बनौं ।

## ६८औं भारत स्वतन्त्रता दिवस सम्पन्न

यूराशिया रेयूकाई प्रधान कार्यालय सिलिगुढीको आयोजनामा १५ अगष्ट २०१४का दिन ६८औं भारत स्वतन्त्रता दिवसको अवसरमा बाल नृत्य प्रतियोगिता आयोजना गरीयो । उक्त समारोहमा प्रमुख अतिथि महाकवि श्री मोहन दुखुनको बाहुलीबाट झण्डोत्तोलन गरी राष्ट्रीयगान र ओदाईमोकुबाट समारोहको शुभारम्भ गरिएको थियो ।


कार्यक्रमको दोश्रो चरणमा बाल नृत्य प्रतियोगितामा सिलिगुढी क्षेत्र वरिपरिका विभिन्न संघ-संस्था एवं नृत्य प्रतिष्ठानका बाल कलाकारहरुले भाग लिएका थिए । उक्त प्रतियोगितामा एकल तथा सामुहिक रुपमा उत्कृष्ट हुने प्रतियोगीहरुलाई प्रमुख अतिथि र अतिथिहरुबाट पुरस्कार एंव प्रमाण-पत्र प्रदान गरिएको थियो । उक्त समारोहमा ३२४ जनाको सहभागीता रहेको थियो ।





# “इबोला भाईरस सम्बन्धि जानकारी”

इबोला भाइरस रोग खतरनाक तथा घातक विषाणुजन्य रोग हो। सन् १९७६ मा कंगोको इबोला नदि नजिक पहिलो पटक चमेरोको शरीरमा इबोला भाइरस भेटिएको थियो। हाल त्यहांका मानिसहरुमा चमेरो वा जंगली जनावरको मासुबाट यो रोग सरेको हुन सक्ने अनुमान गरिएको छ । विषेश गरी जंगली जनावरको मासु खाने तथा जंगली जनावरसंग प्रत्यक्ष सम्पर्कमा आउने मानिसहरुमा यो रोग सर्न सक्छ । यो रोगबाट संक्रमित जंगली जनावरको मासु, रगत आदिबाट यो भाइरस मानिसमा सर्दछ । जस्तै : चिम्पान्जी, गुरिल्ला, बाँदर, सुँगुर, मृग, दुम्सी आदीबाट सबैभन्दा बढी चमेराबाट यो भाइरस मानिसमा सर्दछ । स्वास्थ्य कर्मी र रोगीको सुसारे साथै यो रोगका कारण मरेका मानिसको अन्तिम सस्कारका बेलामा पनि लासको सम्पर्कमा आउने मानिसमा समेत यो भाइरस सर्ने जोखिम रहन्छ । विश्व स्वास्थ्य संगठनले विश्वब्यापी माहामारी घोषणा गरेको इबोला भाइरसबाट पश्चिम अफ्रिकामा हालसम्ममा एक हजार भन्दा बढी मानिसको ज्यान गईसकेका छन् । इबोला भाईरस संक्रमित ब्यक्तिमा २ दिन देखि २१ दिन सम्म लक्षण देखा परिसक्ने चिकित्सकको भनाई छ । यो भाइरस संक्रमित जनावर र मानिसको शरिरबाट निस्कने रगत, दिसा, पिसाब, पसिना, थुक,-याल, वीर्य, लगाएतका तरल पदार्थहरुबाट सर्न सक्छ । शरीर बाट निस्कने यस्ता तरल पदार्थमा यो भाइरस घन्टौंसम्म बाँच्न सक्छ । यस्तो खतरनाक प्राणघातक रोग विश्वव्यापी फैलने संभावना भएकोले सवैजना सचेत, सजग भई सावधानी अपनाउन आवश्यक छ ।



## इबोला भाईरसका लक्षणहरु

इबोला भाईरस संक्रमित ब्यक्तिसंग प्रत्यक्ष सम्पर्क भएमा २ दिन देखी २१ दिन भित्र घाँटी खसखस गर्ने, आँखा रातो हुने, खोकीलाग्ने, टाउको दुख्ने, मांशपेसी दुख्ने उच्च ज्वरो आउने लक्षण देखा पर्छ यो पहिलो चरणको लक्षण हो ।दोस्रोचरणमा पेट दुख्ने,वाकवाकी लाग्ने, बान्ता हुने,झाडापखाला लाग्ने, भोक हराउने, कमजोर महसुस हुने साथै शरीरमा बिभिन्न प्रकारका डाबर तथा रातो धब्बा देखिन्छ । तेस्रो चरणमा सास फेर्न गाह्रो हुने, कलेजो, मिर्गौला फेल भई आन्तरिक एंव बाह्य रक्तस्राव भएर बिरामीको मृत्यु हुन्छ ।

## इबोला भाईरसबाट बच्ने उपायहरु

१.संक्रमित ब्यक्तिसंग प्रत्यक्ष सम्पर्क नगर्ने-नछुने ।
२.संक्रमित ब्यक्तिले प्रयोग गरेका लत्ताकपडा, खानेकुरा, भाँडाकुँडा, ओछ्यान, शौचालय आदिको प्रयोग नगर्ने ।
३.बिरामीसँग एक मिटरको दुरीमा बस्ने र सरसफाईमा ध्यान दिने ।
४.संक्रमित क्षेत्रमा आवत जावत नगर्ने ।
५.जंगली जनावरको सम्पर्कमा नआउने र जंगली जनावरको मासु नखाने ।
६.संक्रमित जनावर र पशुपंक्षीलाई सावधानीपूर्वक गाड्ने वा जलाउने ।
७.इबोला संक्रमित भएको शंका लागेमा अवस्य कसैसँग सम्पर्क नगरी तुरुन्त स्वास्थ्य संस्था सम्पर्क गर्ने ।
८.उपचारमा संलग्न चिकित्सकले बिशेष सावधानी अपनाउने ।
९.इबोला भाइरसबाट मृत्यु भएका शवलाई सावधानीपूर्वक ब्यवस्थापन गर्ने आदि ।

साभार : WHO को Website तथा विभिन्न पत्र-पत्रिका



वृक्षारोपण कार्यक्रम यूराशिया रेयूकाई १७औं शाखा, शिद्धार्थनगर



ह्वील चियर बितरण कार्यक्रम यूराशिया रेयूकाई १८औं शाखा, कालिङ्गपोङ्ग



महिला भेला कार्यक्रम यूराशिया रेयूकाई २५औं शाखा, काभ्रे



खादा बनाउने तालिम यूराशिया रेयूकाई २१औं शाखा, सिलिगुडी



रक्तदान कार्यक्रम समाज विकास केन्द्र, सानेपा



१८ अगष्ट २०१४को मासिक भेला तथा तिज विशेष कार्यक्रम, २८औं शाखा,भद्रपुर